*Intercession II*

# अन्तरबिन्ती (मध्यस्थ)

## भाग २

### परिचय

यस पाठको पहिलो भागको अध्ययनमा हामीले परमेश्वर र उहाँको योजनालाई फलदायी बनाउनको निम्ति हामी सबैलाई अन्तरबिन्तीमा उहाँसँग सहयोगी भएको चाहनुहुन्छ भन्ने कुरा सिक्यौं । हामीहरूले केही अन्तरबिन्ती गर्ने सिद्वान्तहरू पनि हेरेका छौं । यो दोस्रो भागमा बाइबलले हामीहरूलाई सफल अन्तरबिन्ती गर्नेहरू बनाउनलाई अरू के सिकाउँदछ, त्यसबारे हेर्नेछौं ।

### हाम्रो अध्ययन

प्रभावकारी अन्तरबिन्ती गर्नेहरू हुनको निम्ति प्रभुको अघि हामीहरू शुद्ध पवित्र भएर खडा हुनुपर्दछ ।

### शुद्ध हृदय लिएर प्रार्थना गर्नुहोस् ।

हामीहरू ईश्वरीय जीवन बिताइरहेको भए: पनि हाम्रो जीवनमा पापले आक्रमण गर्ने एउटा बाटो रहेकै हुन्छ । पापले गर्दा हाम्रो प्रार्थनाहरूमा बाधा पुऱ्याउँछ । अन्तरबिन्ती गर्नुअघि हामीहरूलाई निश्चय हुनुपर्छ कि हामी परमेश्वरको अगाडि शुद्ध भई खडा हुनुपर्छ ।

**धर्मशास्त्र: यशैया ५९:२ "तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन् र तिमीहरूका पापले उहाँको नुहार तिमीहरूबाट छेकिएको छ र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन ।"**

१. कुन कुराले हामीहरूलाई परमेश्वरदेखि अलग गर्छ ?

..................................................................

२. यसको नतीजा के हुन्छ ?

..................................................................

हामीहरू यो पनि जोड्न सक्दछौं कि हामीहरूले पनि उहाँले भन्नुभएको सुन्न सक्नेछैनौं ।

**धर्मशास्त्र: याकूब ४:३ "तिमीहरू माग्छौ, तर पाउँदैनौ किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ ।"**

३. कहिलेकाहीँ हामी किन हाम्रो प्रार्थनाहरूको उत्तर पाउँदैनौं ?

..................................................................

हो, कतिपल्ट हामीहरूले कसैको निम्ति अन्तरबिन्ती गर्दा हामीले स्वार्थपूर्ण रूपमा अथवा गलत उद्देश्यले मागेका हुन्छौं ।

### परमेश्वरको प्रार्थना गर्नुहोस्

किनभने अन्तरबिन्ती परमेश्वरको विचार हो, हाम्रा अन्तरबिन्तीद्वारा उहाँले के काम पूरा गर्न चाहनुहुन्छ, यो उहाँ जान्नुहुन्छ । हामीले पूर्णतामा अन्तरबिन्ती गर्नुभन्दा अघि ती इच्छाहरू के हुन्, हामीहरूलाई थाहा भएको हुनुपर्दछ ताकि यसरी हामीहरू उहाँको प्रार्थना गर्नसकौं । किनकि अन्तरबिन्तीचाहिं प्रार्थनाको एउटा स्वरूप भएकाले बाइबलले प्रार्थनाबारे प्रकट गर्ने कुनै पनि कुरा अन्तरबिन्तीमा चलाउन सकिन्छ ।

परमेश्वरको हृदयमा के छ हामीले कसरी थाहा पाउँछौं ? स्पष्ट उत्तर उहाँलाई नै सोध्नुहोस् । अक्सर, उहाँ हामीलाई बताउनुहुन्छ । तर पनि कुनै कारणले हामीले उहाँको कुरा सुन्दैनौं भने, पत्ता लगाउने अर्को बाटो पनि छ । परमेश्वरको इच्छालाई उहाँले प्रकट गर्नुभएको धर्मशास्त्रबाट पढेर सिक्न सक्दछौं । एउटा उदाहरण पनि दिन चाहन्छु ।

**धर्मशास्त्र: मत्ती ९:३७-३८ "...फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन् ।"**

४. धर्मशास्त्रको यस खण्डमा येशूले हामीलाई के भन्नुभएको छ ?

..................................................................

५. उहाँ हामीलाई के गर्न अह्राउनुहुन्छ ?

..................................................................

अन्तरबिन्ती गर्दा साथसाथै काम गर्नेहरूको निम्ति प्रार्थना गर्दा हामी उनीहरूको स्वास्थ्य र सफलताको निम्ति थप प्रार्थना गर्न सक्छौं । हामीले उनीहरूको निम्ति चाहिने आर्थिक सहयोग र आत्मा बचाउने जोश बढ्दै जाओस् भनी प्रार्थना गर्न सक्छौं । फसलको नाप, आकार प्रभुले बढाइदिऊन भनी प्रार्थना गर्न सक्छौं । यस संसारमा परमेश्वरको इच्छा के छ, त्यो धर्मशास्त्रले धेरै मात्रामा प्रकट गर्दछ ।

## आत्मामा प्रार्थना गर्नु

**धर्मशास्त्रः एफिसी ६:१८ "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर...।"**

६. हामीहरूले प्रार्थना कसरी गर्नुपर्छ ?

...............................................................

**धर्मशास्त्रः रोमी ८:२६-२७ "त्यसैगरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौ, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ र मनिसहरूको हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ ।"**

७. हामीहरूले आत्मामा किन प्रार्थना गर्नुपर्छ ?

...............................................................

८. यसले उहाँलाई के गर्नलाई योग्यता दिन्छ ?

...............................................................

९. उहाँले कसरी प्रार्थना गर्नुहुन्छ ?

...............................................................

अरूहरूले सुस्केरामा प्रार्थना गरेको शायद तपाईंले सुन्नुभएको होला अथवा शायद तपाईं आफैंले पनि सुस्केरासाथ प्रार्थना गर्ने इच्छा गर्नुभएको होला । यी शब्दहरूद्वारा व्यक्त गर्न नसकिने गहिरा प्रार्थनाहरू हुन् ।

**धर्मशास्त्रः हितोपदेश ३:५ "...तेरो आफ्नै समझशक्तिमा भर नपर् ।"**

१०. हामीहरूले के गर्नु हुदैन ?

...............................................................

परमेश्वरको प्रार्थना गर्दा हामीहरू पूर्ण तवरले उहाँमा भरोसा राख्न सक्छौ भनेर हामीले जान्नुपर्छ । हामीलाई के प्रार्थना गर्ने भन्ने मात्र होइन, तर कुनै बेला उहाँको पवित्र आत्माले हामीहरूद्वारा उहाँको प्रार्थना गर्नुहुन्छ ।

## विश्वाससाथ प्रार्थना गर्ने

**धर्मशास्त्रः मत्ती १२-२२ "विश्वास गरेर प्रार्थनामा जे माग्छौ, त्यो तिमीहरूले पाउनेछौं ।"**

११. माग्नुको साथै हामीहरूले के पनि गरेको हुनुपर्दछ ?

...............................................................

धर्मशास्त्रः मर्कूस ११-२४ "यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ, सो पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरूको हुनेछ ।"

१२. हाम्रो प्रार्थनाको उत्तर हामीहरू कसरी पाउन सक्दछौं ?

...............................................................

जस्तो विश्वास प्रार्थनाको उत्तरको साचो हो, त्यस्तै विश्वासको कमीचाँहि वाधा हो । अरूहरूको विश्वासको कमीले येशूलाई पनि वाधा पुर्‍याएको थियो ।

**धर्मशास्त्रः मत्ती १३-५८ "...तिनीहरूको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिका धेरै कामहरू गर्नुभएन ।"**

१३. येशूले किन आफ्नै सहरमा धेरै आश्चर्यकर्म गर्नुभएन ?

...............................................................

**धर्मशास्त्रः याकूब १-६-८ "तर त्यसले कत्ति पनि शंका नगरी विश्वाससाथ मागोस् । शंका गर्नेचाहिं बतासले उचाल्दै पछार्दै गर्ने समुद्रका छालसमान हुनेछ । त्यस्तो मानिसले यो सम्झोस कि उसले प्रभुबाट केही पाउनेछ किनकि दोहोरो मन भएको मनिस उसका सबै चालचलनमा अस्थिर हुन्छ ।"**

१४. याकूबले शंका गर्ने व्यक्तिलाई के भनेर वर्णन गरेका छन् ?

...............................................................

हुन त धर्मशास्त्रको यस खण्डले विशेष गरेर ज्ञानबुद्धिको कुरा गरे पनि यस्तै सिद्वान्त प्रार्थनामा पनि लागू हुन्छ । एउटा यस्तो शिक्षा छ, जसले केही कुराको निम्ति लगातार प्रार्थना गर्दा विश्वासको कमीजस्तो देखिन्छ । यो शिक्षाले भन्दछ -हामीले केही कुराको निम्ति एकपल्ट प्रार्थना गर्नुपर्छ र यसलाई हामी पाउनेछौं भनी विश्वास गरेर प्रार्थना गर्न छोडिदिनुपर्छ । तर बाइबलले सिकाएको कुरा त्यो होइन ।

## अन्तरबिन्तीमा खुरन्धार लागिरहनु

**धर्मशास्त्रः लूका ११-५-१० "...मानिलेओ, तिमीहरूमध्ये कसैको मित्र छ, तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछन् 'मित्र, मलाई तीनओटा रोटी पैंचो देऊ किनकि मेरो एकजना साथी यात्राबाट मकहाँ आएका छन् र तिनीहरूलाई खान दिन मसँग केही छैन ।' उनले भित्रबाट जवाफ दिएर भन्छन्, 'मलाई नभिँज्याऊ । ढोका अब बन्द भइसकेको छ र मेरा केटाकेटीहरू मसँग ओछ्यानमा छन् । म उठेर तपाईंलाई केही दिन सक्दिन ।' म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले खुरन्धार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन् । म तिमीहरूलाई भन्दछु, माग त तिमीहरूलाई दिइनेछ । खोज त तिमीहरूले भेट्टाउनेछौ । ढकढक्याओ त तिमीहरूका निम्ति खोलिनेछ किनकि हरेक जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ र जसले ढकढक्याउँछ त्यसका निम्ति खोलिनेछ ।"**

१५. येशूले भन्नुभएको कथालाई छोटकरीमा भन्नुहोस् ।

.....................................................................

१६. येशूले आफ्नो कथाको अन्त कसरी गर्नुभयो ?

.....................................................................

यी शक्तिशाली प्रतिज्ञाहरू हुन्, तर येशूले यहाँ एउटा महत्वपूर्ण बुँदा बताउनुभएको छ । उत्तर पाउनको निम्ति जतिसुकै समय लागे पनि हामीहरूले लगातार अन्तरबिन्ती गर्नुपर्छ ।

**धर्मशास्त्रः गलाती ६-९- "भलाइ गर्ने काममा हामी नथाकौं किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।"**

१७. धर्मशास्त्रको यस खण्डले हामीलाई के भन्दछ ?

.....................................................................

कतिपल्ट हामीहरू अन्तरबिन्तीको युद्ध लडिरहेको बेला युद्ध लामो समयसम्म जारी रहन्छ र हामी त्याग्न तयार हुन्छौं । तर युद्ध गरिरहेरैमात्रै हामी विजय हासिल गर्न सफल हुन्छौं ।

धर्मशास्त्रमा ध्यान दिएर हेर्दा अन्तरबिन्ती बारे अर्को सिद्धान्त पनि रहेको देख्न सकिन्छ ।

## जसको निम्ति हामी अन्तरबिन्ती गर्दछौं, उनीहरूलाई चिन्नुपर्दछ ।

येशू हाम्रो नमूना हुनुहुन्छ । आफ्नो सृष्टिप्रति परमेश्वरको महान् प्रेम र वास्ताले नै उहाँले ख्रीष्ट येशू व्यक्तिसँग हामीलाई परिचित गराउनुभयो ।

### धर्मशास्त्रले भन्दछ :

**धर्मशास्त्रः हिब्रू २:१७-१८,४:१५ "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पुजारी बन्नुभयो किनकि हाम्रा प्रधान पुजारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो ।"**

१८. येशू सबै कुराहरूमा आफ्ना भाइहरूजस्तै किन बनाइनुभयो ?

.....................................................................

१९. परीक्षामा पर्नेहरूलाई सहायता गर्न उहाँ किन आउन सक्नुहुन्छ ?

.....................................................................

अर्को शब्दमा, हाम्रो मुक्तिदाता बन्न पहिले येशू हामीसँग परिचित हुनुपर्दथ्यो ।

पुरानो करारमा अगमवक्ता र अगुवाहरू जसको लागि उनीहरूले अन्तरबिन्ती गर्थे, उनीहरूसँग आफूहरू परिचित भएका उदाहरणहरू प्रशस्त छन् ।

दानिएल बेबिलोनी साम्राज्यमा उच्च ओहोदामा उठेका भएता पनि उनले यहूदी मानिसहरूप्रतिको आफ्नो चिनारी कहिल्यै गुमाएनन् ।

इस्राएलको पुनर्स्थापनको समय नजिक आएको थाहा पाएर दानिएल परमप्रभुको अघिल्तिर आएः । जसै उनी प्रार्थना गरिरहेका थिएः । उनले "तिमीहरू" र "म" भनेका थिएनन्, तर उनले "हामी" भने ।

**धर्मशास्त्रः दानिएल ९:४-६- "...हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, हामीले पाप गरेका छौं र गल्ति गरेका छौं । हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं । हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंका नाममा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशको सबै मानिसहरूसँग बोलेका थिएः ।"**

२०. दानिएलले इस्राएलसँग कस्तो प्रकारको चिनारी दिएः ?

...................................................................

आफूहरूको निम्ति अन्तरबिन्ती गर्नेहरूसँग चिनारी दिने व्यक्तिहरूका उदाहरणमा केही नामहरू एज्रा, मोशा र रानी एस्तर पनि हुन् ।

यो कति आदरणीय कुरा हो जो परमेश्वरले हामीमाथि राखिखिनुभएको छ, हामीहरूलाई उहाँसँग अन्तर बिन्ती गर्ने सहकर्भाहरू बनाउनुभएको छ । संसारमा उहाँको इच्छा बाड्नको निम्ति र उहाँको इच्छाहरूलाई अस्तित्वमा ल्याउनलाई उहाँसित सहयोगी हुन हामीहरूलाई उहाँले सक्षम तुल्याउनुभएको छ । उहाँमा भएको हाम्रो विश्वासमा हामी विश्वासयोग्य भएर जिऔं ।

**उत्तरहरूः**

१. हाम्रा अधर्महरूले,
२. परमेश्वरले हाम्रो कुरा सुन्नुहुने छैन,
३. हामीहरू बेठीकसित माग्छौं,
४. फसल त प्रशस्त छ, तर खेतालाहरू थौरै छन्
५. फसलमा खेतालाहरू पठाइ माग्न फसलका प्रभुलाई प्रार्थना गर्ने,
६. आत्मामा
७. किनभने आत्माले आत्माको कुरा बुझ्नुहुन्छ,
८. परमेश्वरको इच्छाअनुरूप अन्तरबिन्ती गर्नलाई
९. शब्दहरूले व्यक्तगर्न नसकिने सुस्केरामा,
१०. आफ्नै समझशक्तिमा भर पर्नु,
११. हामीहरूले विश्वास गर्नुपर्छ
१२. पाएका छौं भन्ने विश्वार गरेर,
१३. मानिसहरूका विश्वासको कमीले,
१४. दोहोरो मन भएको मानिस उसको चालचलनमा अस्थिर हुन्छ,
१५. एकजना मानिस छिमेकीकहाँ नमिल्ने समयमा पाहुनालाई खुवाउन रोटी माग्न जान्छ, छिमेकीले पहिला त इन्कार गर्छ, तर उसले खुरन्धार मागेको कारणले उसलाई दिन्छ,
१६. माग त तिमीलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौं, ढकढक्याओ त तिमीहरूको निम्ति खोलिनेछ किनकि हरेक जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ र जसले ढकढक्याउँछ, त्यसको निम्ति खोलिनेछ,
१७. नथाकौं र हिम्मत नहारौं,
१८. जब उहाँ परीक्षित हुनुभयो, उहाँले पनि दुःख भोग्नुभयो र पनि पापरिहत हुनुहुन्थ्यो ।
१९. पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा कृपालु र विश्वासयोग्य प्रधान पुजारी हुनलाई,
२०. उनले भने, 'हामीले पाप गरेका छौं र गल्ती गरेका छौं, हामीले तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं । हामीले तपाईंको सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं ।"

यस प्रकाशनका सम्पूर्ण धर्मशास्त्रीय वचन पवित्र बाइबलबाट निकालिएको हो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal